केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं ।
फोन नं. : ४४१९८०४/५/७
Website: www.nrb.org.np
E-mail : psdept @nrb.org.np

# नेपाल राष्ट्र बैंक
## भुक्तानी प्रणाली विभाग

पत्र संख्या : भु.प्र.वि/नीति/परिपत्र/९/०७८/७९

मितिः- २०७९/०२/२३

भुक्तानी सम्बन्धी कार्य गर्न अनुमतिपत्रप्राप्त सबै संस्थाहरु ।

**विषय : भुक्तानी प्रणाली सम्बन्धी एकीकृत निर्देशन-२०७८ मा संशोधन सम्बन्धमा ।**

महाशय,

यस बैंकबाट अनुमतिपत्रप्राप्त भुक्तानी सम्बन्धी कार्य गर्ने संस्थाहरुलाई जारी एकीकृत निर्देशन-२०७८ को अ.प्रा.निर्देशन नं.५/०७८ को बुँदा नं. ७ को (५) मा मिति २०७८/११/१८ मा संशोधन गरी कायम गरिएको व्यवस्था (प.सं.: भु.प्र.वि./नीति/परिपत्र/०६/०७८/७९) लाई देहाय बमोजिम संशोधन गरिएकाले सोही बमोजिम गर्नु/गराउनु हुन भुक्तानी तथा फस्र्योट ऐन, २०७५ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

**अ.प्रा.निर्देशन नं.५/०७८ को बुँदा नं. ७ को (५)**

यस बैंकबाट इजाजतपत्रप्राप्त विप्रेषण कम्पनी तथा उक्त कम्पनीका सब-एजेन्ट वा सब-रिप्रिजेन्टेटिभहरुले स्वदेशमा आन्तरिक विप्रेषणको कारोबार नगद भुक्तानी/बैंक खाता/विद्युतीय वालेट लगायत जुनसुकै माध्यमबाट गर्दा सम्बन्धित विप्रेषण कम्पनीको प्रणाली (System) अनिवार्य रूपमा प्रयोग गरी प्रति व्यक्ति, प्रति कारोबार, प्रति दिन, अधिकतम रू.२५,०००।- (अक्षरेपी पच्चिस हजार) सम्मको कारोबार गर्न सक्नेछन् ।

भवदीय,

(गुरुप्रसाद पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरवार ।
३. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, गैर बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
९. श्री नेपाल बैंकर्स संघ, काठमाडौं ।
१०. श्री नेपाल डेभलपमेन्ट बैंकर्स एसोसिएसन, काठमाडौं ।
११. श्री नेपाल वित्तीय संस्था संघ, काठमाडौं ।
१२. श्री नेपाली मुद्रा विप्रेषक संघ, काठमाडौ ।